आज मिति २०७९ साल पौष ११ गते सोमबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०७९/०८० को १५ औं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

**उपस्थिति :**

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जंग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य- उषा

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री रामराज पौडेल - सदस्य सचिव -

**आमन्त्रित :**

श्री इन्द्र कुमार श्रेष्ठ - लेखा अधिकृत -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अपरेटर -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. स्वास्थ्य सामाग्री खरिद सम्बन्धमा ।
३. रकम निकासा सम्बन्धमा ।
४. कृषि उपज बजारको भाडा सम्बन्धमा ।
५. कर्मचारी माग सम्बन्धमा ।
६. आर्थिक प्रस्ताव स्वीकृत सम्बन्धमा ।
७. देवानगञ्ज बजारको हाट ठेक्का लगाउने सम्बन्धमा ।
८. सर्सत बजेट रामजानकी मन्दिर, देवानगञ्ज-१ सम्बन्धमा ।
९. नक्सा पास सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७९/०९/०४ गते बसेको आ.व. २०७९/०८० को १४ औं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा विश्वव्यापि रुपमा कोरोना महामारी पुनः फैली रहेको र सो महामारी नेपालमा समेत फैलिने सम्भावना रहेकोले उक्त महामारीबाट बच्न तत्कालै रु. ५,००,०००/- (अक्षरेपी पाँच लाख रुपैया मात्र) मा नबढ्ने गरी मक्स, सेनिटाइजर, साबुन लगायतका स्वास्थ्य सामाग्री खरिद गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिकाका ७ वटै वडामा कृषि सिचाईको लागि विद्युतिकरण गर्ने प्रयोजनार्थ मिति २०७९/०६/१३ गतेको ५ औं कार्यपालिका बैठकको निर्णय नं.४ अनुसार ५० प्रतिशत साझेदारीमा कार्य गर्नेगरी प्रस्ताव पेश गर्ने निर्णय भए बमोजिम नेपाल विद्युत प्राधिकरणमा प्रस्ताव पेश गरिएकोमा नेपाल विद्युत प्राधिकरणको च.नं.७५५ प.सं.२०७९/०८० मिति २०७९/०९/०४ गतेको पत्र मार्फत प्राधिकरणबाट रु. ५,००,००,०००/- (अक्षरेपी पाँच करोड रुपैया मात्र) बजेट विनियोजन भएकोले तत्काल ठेक्का प्रकृयामा जान गा.पा. अन्तर्गको साझेदारी रकम विद्युत प्राधिकरणको खातामा जम्मा गरिदिने अनुरोध भई आएकोले सम्पूर्ण ठेक्का प्रकृया नेपाल विद्युत प्राधिकरण बाटनै हुने गरी मिति

२०७९/०७/०३ को ८ औँ कार्यपालिका बैठकको निर्णय नं. ५ बमोजिमको रकम नेपाल विद्युत प्राधिकरणको सानिमा बैंक लि., इनरुवा रहेको बैंक खाता नं. ०१००१०५१००००१०९ मा एकमुष्ट रकम निकासा गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका वडा नं.३ मा रहेको कृषि उपज बजारले चर्चेको कप्तानगञ्ज-४, कि.नं.८१, क्षेत्रफल ४-१२-१३ को जग्गा कृषि उपज बजार वडा नं. ३ कप्तानगञ्जलाई ४-१२-१३ क्षेत्रफल जग्गा बापतको सुरु भाडा दर वार्षिक प्रतिकठ्ठा रु. १०० (अक्षरेपी एक सय रुपैया मात्र) प्रत्येक ५/५ वर्षमा २० प्रतिशतका दरले बृद्धि हुनेगरी लिजमा उपलब्ध गराउन सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकामा रहेका तपसिल बमोजिमको रिक्त दरबन्दीमा प्रदेश लोकसेवा आयोग समक्ष कर्मचारीहरु माग गरिएको हुँदा उक्त कर्मचारी माग सम्बन्धी सिफारिस अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | माग पदको नाम | श्रेणी/तह | सेवा/समूह/उपसमूह | कूल माग पद संख्या |
|---|---|---|---|---|
| १ | शिक्षा प्राविधिक सहायक | पाँचौ | विविध सेवा | १ |
| २ | असिष्टेण्ट सब-इन्जिनियर | चौथो | इन्जिनियरिङ्ग सेवा/सिभिल | २ |
| ३ | सहायक स्तर | पाँचौ | प्रशासन | ३ |
| ४ | आ.ले.प. | पाँचौ | प्रशासन/लेखा परीक्षण | १ |
| ५ | सहायक स्तर | चौथो | प्रशासन | १ |

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकाको स्वीकृत बजेट अनुसार तपसिलका बमाजिमका ठेक्काहरुको आर्थिक प्रस्ताव स्वीकृत गरी आशयको सूचना प्रकाशन गर्ने निर्णय सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.सं. | ठेक्का नं. | वडा नं. | कवोल अंक भ्याट सहित | फर्म |
|---|---|---|---|---|
| १ | DRM /ROADS/C/NCB/01/079-80 | देवानगञ्ज-३ | ३,५५,१९,६६८.१० | पण्डित भगवति जे भि, देवानगञ्ज |
| २ | DRM /ROADS/C/NCB/02/079-80 | देवानगञ्ज-६ | ३,०२,६३,७४७.९५ | पण्डित भगवति जे भि, देवानगञ्ज |

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं.२ हाट बजार व्यवस्थापनको लागि यस पालिकाका किसानहरुलाई सामान बेचे वापत कुनै शुल्क नलिने र उक्त हाँट बजारमा इन्सटल भएका प्रति व्यक्ति २ मिटरको रु.१५ को दरले प्रति दिन शुल्क उठाउने र हाँटमा नाप-तौल गरेको प्रति काँटा रु.५ लिने, रु.३ नाप्नेको पारीश्रमिक बापत दिने, बाँकी रु.२ वडा कार्यालयमा दाखिला गर्ने सर्वसम्मत निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस देवानगञ्ज गा.पा. वडा नं. १ मा रहेको रामजानकी मन्दिरको लागि प्राप्त सर्सत बजेट रु.७,५०,०००/- बाट रामजानकी मन्दिर, देवानगञ्ज-१ (साविक मध्यहर्षाही-१) मा निर्माण कार्य गर्ने सर्वसम्मत निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा मठ, मन्दिर, मस्जित, चर्च, विद्यालय लगायत अन्य सबै सरकारी भवनहरुको नक्सा पास गर्दा शुल्क नलिने सर्वसम्मत निर्णय गरियो ।